# रामप्रसादराई गाउँपालिकाको

# वार्षिक प्रगति विवरण

## २०८०/८१

## रामप्रसादराई गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक कार्य प्रगति विवरण

### १. वित्तीय प्रगतिः

यस आर्थिक वर्षमा चालुखर्च तर्फ ८०.७ प्रतिशत र पुँजीगत खर्चतर्फ ६१.६२ प्रतिशत खर्च भई समग्रमा ७४.३५ प्रतिशत प्रगति हाँसिल भएको छ ।

### २. वडाहरुको प्रगतिः

वडा कार्यालयहरुद्वारा नै छनौट गरेर कार्यान्वयन गर्नको लागि तय भएका योजना तथा कार्यक्रमहरुको वित्तीय प्रगति यसप्रकार रहेको छ ।

| क्र.सं. | विवरण | प्रगति प्रतिशत |
|---|---|---|
| १ | वडा नं १ | ६३ |
| २ | वडा नं २ | ९७ |
| ३ | वडा नं ३ | ९६ |
| ४ | वडा नं ४ | ८९ |
| ५ | वडा नं ५ | ८९ |
| ६ | वडा नं ६ | ९२ |
| ७ | वडा नं ७ | ९३ |
| ८ | वडा नं ८ | ९३ |

गत वर्ष झैं यस वर्ष पनि वर्षभरिमा सबैभन्दा पहिला आफ्ना योजना तथा कार्यक्रम सकेर वडा नं २ ले आगामी आर्थिक वर्षको लागि उक्त वडाको लागि विनियोजन गरिएको रकमको थप १० प्रतिशत रकम प्राप्त गरेको छ ।

### ३. राजस्वमा प्रगतिः

यस आर्थिक वर्षमा रु.३६,००,०००।- अनुमान गरिएकोमा रु.६६,२६,५९०।- राजस्व संकलन भएको छ । यो गत वर्ष उठेको राजस्व रकम (रु.३२,८५,०७९।-) भन्दा १०१ प्रतिशत बढी हो । यसका साथै वडा कार्यालयहरुबाट पनि अनलाइनबाटै राजस्व संकलन गर्न सघाउ पुर्याउने उद्देश्यले गाउँपालिका भित्रका संपूर्ण वडा सचिवहरुलाई राजस्व मोड्युलबाट राजस्व संकलन गर्ने सम्बन्धी तालिम प्रदान गरिएको छ ।

### ४. बेरुजू फर्स्योटमा सुधारः

अघिल्लो आर्थिक वर्षमा कुल खर्चको ३.५ प्रतिशत बेरुजू रहेकोमा यस आर्थिक वर्षमा ०.४५ प्रतिशत मात्र बेरुजू कायम भएको छ । भोजपुर जिल्लाकै पहिलो र कोशी प्रदेशका १३७ स्थानीय तहमध्ये न्यून बेरुजू हुनेमा ८औं स्थानमा हाम्रो गाउँपालिका रहन सफल भएको छ । आगामी दिनमा शुन्य बेरुजू बनाउने गाउँपालिकाको लक्ष्य रहेको छ ।

५. यस आर्थिक वर्षमा निर्धारित समयमै रु.७५,००,०००।- रकम करबापत सम्बन्धित संघीय सरकारको निकायमा अनलाइनमार्फत दाखिला गरियो । यसरी नेपाल सरकारको समयमै लक्ष्य अनुरुपको राजस्व संकलन गर्ने अभियानलाई टेवा पुर्याइएको छ।

६. खोला ठेक्काबापत प्राप्त भएको रकमलाई कानून बमोजिम बाँडफाँड गरी समयमै सम्बन्धित प्रादेशिक निकायमा पठाइएको छ ।

७. यस आ.व. मा स्थानीय तह 'वित्तीय सुशासन जोखिम मूल्याङ्कन' मा ७३.५ प्रतिशत अंक प्राप्त गरी भोजपुर जिल्लामै हाम्रो गाउँपालिकाले दोस्रो स्थान प्राप्त गर्न सफल भएको छ ।

८. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन यस आर्थिक वर्षमा ८४ अङ्क प्राप्त गरी भोजपुर जिल्लामै प्रथम स्थान हाँसिल गर्न सफल भएको छ ।

**९. सेवा प्रवाहमा प्रभावकारिता ल्याउन गरिएका प्रयास**

**क. वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ताको वितरण र स्वास्थ्य परीक्षणलाई निरन्तरता**

उँपालिका अध्यक्षको नेतृत्वमा उपाध्यक्ष, वडाअध्यक्ष लगायत अन्य जनप्रतिनिधी, गाउँपालिकाका कर्मचारी, एन. आई. सी. एसिया बैंकका कर्मचारी र सुरक्षाकर्मीको टोली वडा कार्यालयमै पुगेर नागरिकको हातहातमा सामाजिक सुरक्षाबापतको रकम वितरण मात्र हैन, उनीहरुको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने कामलाई समेत निरन्तरता दिइएको छ ।







**ख. शिक्षा तर्फ**

- ❖ **स्थानीय पाठ्यपुस्तक लेखनः** स्थानीय पाठ्यक्रममा आधारित भएर ढिलै भएपनि चालु शैक्षिक सत्रदेखि सामुदायिक विद्यालयहरुमा पठनपाठन गराउने उद्देश्यले हाल स्थानीय पाठ्यपुस्तक लेखनको काम लगभग अन्तिम चरणमा पुगेको छ । हालसम्म लेखकहरुद्वारा पाठ्यपुस्तक लेखन, सम्पादकहरुद्वारा सम्पादन/पुनर्लेखन र तस्बिर संकलकहरुद्वारा तस्बिर संकलन गरी

पाठ्यवस्तुमा राख्ने काम सकिएको छ । अब आगामी आ.व.को श्रावण महिनाबाटै पुस्तकलाई राय सुझाबको लागि हरेक विद्यालयहरुमा पठाई राय सुझाबको आधारमा सुधार गरेर छपाई गरी विद्यार्थीहरुलाई सकेसम्म छिटो वितरण गरिनेछ ।






- **विद्यालयहरुको अन्तिम लेखापरीक्षणः** गाउँपालिकाले सार्वजनिक सूचना जारी गरेर छनौट गरेका दर्तावाल लेखापरीक्षकहरुद्वारा यस गाउँपालिका भित्रका संपूर्ण विद्यालयहरुको अन्तिम लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ ।
- **स्वअध्ययन सिकाइ सामाग्री वितरणः** गाउँपालिकाभित्रका ३३ ओटा सामुदायिक विद्यालयका कक्षा १ देखि ३ सम्म पढ्न विद्यार्थीहरुको लागि प्रति विद्यालय १८ प्रकारका स्वअध्ययन सिकाइ सामाग्री छपाइ गरी वितरण गरिएको छ ।







❖ **शिक्षकहरुको लागि मासिक रुपमा तलबभत्ता भुक्तानीलाई निरन्तरताः** पालिकाका सबै सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी र बालविकास सहजकर्ताको तलब, भत्ता, सञ्चयकोष र नागरिक लगानी कोष कट्टी वापतको रकम मासिक रुपमा गाउँ कार्यपालिकाको कार्यालयबाटै भुक्तानी हुने व्यवस्था गरिएको छ । मुलुकका थोरै स्थानीय तहले मात्र यो काम गर्नेमा हाम्रो गाउँपालिका पनि परेको छ ।

❖ **बाल विकास सहजकर्ताको लागि ५ दिने तालिम सम्पन्नः** गाउँपालिकाभरका २९ ओटा सामुदायिक विद्यालयमा सञ्चालित बाल कक्षामा कार्यरत बाल विकास सहजकर्ताहरुको लागि सीप विकास तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको छ । उक्त तालिममा नेपाल मन्टेश्वरी तालिम केन्द्र, विराटनगरका बन्दना शाक्य र रमा चौलागाईंले प्रशिक्षण दिनुभएको थियो ।






- **IEMIS र लेखाप्रणाली सम्बन्धी तालिम सम्पन्न**: यस गाउँपालिकाका सामुदायिक विद्यालयका ३४ जना प्रधानाध्यापक र ७ जना लेखा हेर्ने कर्मचारीहरुको लागि ४ दिने IEMIS र लेखाप्रणाली सम्बन्धी तालिम सञ्चालन गरियो । उक्त तालिममा शिक्षा शाखा प्रमुख दान बहादुर भट्टराई र आर्थिक प्रशासन शाखा प्रमुख इन्द्र कुमार घिमिरेले प्रशिक्षण दिनुभएको थियो ।






- **शिक्षा ऐनमा संशोधन**: चालु आवमा संघीय शिक्षा ऐनसँग नबाझिने गरी स्थानीय शिक्षा ऐनमा आवश्यक संशोधन गरियो । यसपटकको संशोधनले विद्यालयमा दिइने हिउँदे र बर्खे बिदाको साथै शिक्षक सरुवालाई थप व्यवस्थित गर्ने विश्वास लिइएको छ ।
- **खानेपानी सेवा विस्तार**: चालु आ.व. मा एक घर एक धारा निर्माण गरी वडा नं. ३ भुल्केको ७५ प्रतिशत घरपरिवारमा स्वच्छ पिउने पानीको व्यवस्था गरिएको, वडा नं. ५ र ६ मा खानेपानी मर्मत संभार गरी ९१ घर परिवारलाई खानेपानीको पँहुचमा ल्याउन सकिएको, वडा नं. ७ बासिखोराको दिवकमा ११ घर परिवारलाई खानेपानीखो व्यवस्था गर्दै विगत आ.व. को तुलनामा ३० प्रतिशत बढाउदै आगामी आ.व. मा यस पालिकाको ७५ प्रतिशत घरधुरीमा खानेपानीको सुनिश्चितता गराउने योजना रहेको छ ।

- **स्यानिटरी प्याड वितरण**: कक्षा ६ देखि माथि सञ्चालित विद्यालयमा अध्ययन गर्ने छात्राहरुको लागि असारको पहिलो हप्तामा निःशुल्क रुपमा स्यानिटरी प्याड वितरण गरियो । वितरण गरिएको प्याडले आगामी दशैंको समयसम्मलाई पुग्ने हाम्रो अनुमान छ । बाँकी अवधिको लागि आगामी आर्थिक वर्षमा प्याड खरिद गरी वितरण गर्ने गाउँपालिकाको योजना रहेको छ ।






### ग. पशु विकास सेवातर्फ

- **पशुहरुमा कृत्रिम गर्भाधान सेवा सुचारुः** स्थानीय गाई भैंसीमा उन्नत जातको सिमेन (बीर्य) प्रयोग गरी उन्नत नश्लका बाच्छा बाच्छी उत्पादनको लागि किसानहरुको मागको आधारमा निःशुल्क कृत्रिम गर्भाधान प्रकृया शुरु गरिएको छ ।




- **खोप कार्यक्रमः** राष्ट्रिय पशुपंक्षी खोप कार्यक्रम अन्तरगत पशु सेवा विज्ञ केन्द्र, संखुवासभाबाट ५,००० डोज पीपीआर बिरुद्धको, ५०० डोज लम्पी स्किन रोग बिरुद्धको खोप र खोरेत बिरुद्धको ५०० डोज एफ. एम. डी. खोप प्राप्त भएको र किसानहरुको मागको आधारमा उक्त खोप कार्यक्रम शुरु भइसकेको छ ।





- **पशु औषधी खरिद र वितरणः** विद्युतीय विधिबाट खरिद गरिएका पशु औषधीहरु भण्डारण गरी पशु सेवा शाखामा राखिएको छ । किसानहरुको मागको आधारमा बिरामी पशुहरुको उपचारको सिलसिलामा निःशुल्क वितरण गर्ने गरिएको छ ।

- **बाख्रा खरिद र वितरणः** वडा नं ५ मानेभञ्ज्याङका ४ ओटा फर्मधनीहरुलाई खरी जातको ४ बोका र ६३ माउ बाख्रा खरिद गरी वडा कार्यालयको समन्वयमा लागत साझेदारीमा वितरण गरिएको छ ।





- **बाख्रा पकेट विकास कार्यक्रमलाई निरन्तरताः** यस कार्यक्रमको निरन्तरतास्वरुप रु.७,०२,०००।- बजेटबाट ५० प्रतिशत लागत साझेदारीमा खोक्सिकमा एउटा खोर निर्माण र वडा नं ४ र ६ का किसानहरुलाई १५ ओटा जमुनापारी जातका पाठापाठी खरिद गरी वितरण गरिएको छ।





- ❖ **मासु प्रवर्द्धन कार्यक्रमः** यस कार्यक्रम अन्तरगत सशर्त अनुदानबापत प्राप्त २० लाख ५० हजार रुपैयाँ बजेटबाट वडा नं १ का ९ ओटा फर्म र एक कृषक समूहको लागि ५० प्रतिशत लागत साझेदारीमा १० ओटा बंगुर र बाख्राको खोर निर्माण गरिएको छ ।






ध. **कृषि विकास सेवा तर्फ**

- ❖ **कृषि एम्बुलेन्सको बढ्दो प्रयोगः** गाउँपालिकामा रहेको कृषि एम्बुलेन्सको सदुपयोग गर्दै गाउँपालिकाभित्रका किसानहरुले उत्पादन गरेको आलु, अलैंची र काउलीजस्ता कृषि सामाग्री भोजपुर र घोरेटार बजारसम्म ढुवानी गरी सहयोग पुर्याइएको छ । अन्य किसानहरुलाई पनि कृषि एम्बुलेन्सको सदुपयोग गर्न औपचारिक/अनौपचारिक रुपमा बारम्बार सूचना जारी गरिएको छ ।





❖ **माटो परीक्षणः** प्रत्येक वडाका १० ठाउँको खेतबारीको गरी जम्मा ८० ठाउँको माटो संकलन गरी माटो परीक्षण प्रयोगशाला, झुम्का सुनसरी पठाइएको छ ।




❖ **तरकारी पकेट क्षेत्र विस्तार कार्यक्रमः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अन्तरगत वडा नं १, ओखेको खेनामा तरकारी पकेट क्षेत्र विस्तार कार्यक्रम सम्पन्न भई उत्पादन शुरु भएको छ ।






❖ **कृषि सम्बन्धी वडास्तरीय अन्य कार्यक्रमहरुः**

- वडा नं २ कटुञ्जेमा जैविक बिषादी निर्माण तथा सुन्तला खेती सम्बन्धी तालिम सञ्चालन भएको जसमा वडाका ३० जनाले तालिम लिएका छन् ।
- वडा नं ३ मा लागत साझेदारीमा २६५ जनालाई मकैको बीउ र ३६ जनालाई तरकारीको बीउ वितरण कार्यक्रम सम्पन्न भएको छ ।

- वडा नं ४ दलगाउँमा फलफूल नर्सरी स्थापना गर्ने उद्देश्यले दुईओटा ग्रिन हाउस निर्माण गरिएको छ ।
- वडा नं ४ मै आँप, लिची, कागती, बिजु सुन्तला, कलमी सुन्तला, एभोकाडोजस्ता फलफुलका विरुवाहरु १०० परिवारलाई वितरण गरियो ।
- वडा नं ५ मा ४५० जना कृषकहरुलाई ढुसीनाशक र किटनाशक बिषादीहरु वडा कार्यालयको समन्वयमा वितरण गरियो ।
- वडा नं ६ का ३५ जना किसानहरुलाई नर्सरी व्यवस्थापन सम्बन्धी तालिम दिलाई भालढुङ्गामा सुन्तलाको नर्सरी स्थापना गरिएको छ ।
- वडा नं ७ बासीखोरामा ४ ओटा समूहलाई लागत साझेदारीमा हाते ट्र्याक्टर खरिद गरी वडा कार्यालयको समन्वयमा वितरण गरियो ।
- वडा नं ८ खोक्सिकमा १० जना वडा बासीलाई तरकारीको बीउ वितरण, १५० जनालाई फौजी किरा मार्ने विषादी वितरण र ३० जनालाई वडा कार्यालयको समन्वयमा जैविक विषादी निर्माण र प्रयोग तथा सुन्तला खेती सम्बन्धी तालिम सञ्चालन गरी सम्पन्न गरियो ।














ङ. **अपाङ्ग हकहितको कार्यक्रमतर्फः**

- **अपाङ्गहरुको निःशुल्क स्वास्थ्य बिमाः** गाउँपालिकाभरका रातो कार्डबाहक ३० जना पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य बिमा गराइएको छ। अबदेखि रातो कार्ड बाहक अपाङ्गता भएका व्यक्ति र उनीहरुका परिवारले नियमबमोजिम निःशुल्क रुपमा स्वास्थ्य उपचार गर्न पाउने छन् ।

- **अन्तराष्ट्रिय अपाङ्गता दिवसः** मिति २०८० मंशिर १७ मा ५९ जना अपाङ्गता भएका व्यक्ति, उनीहरुका अभिभावक, प्रमुख प्रशासकिय अधिकृत, वडाअध्यक्ष र अन्य जनप्रतिनिधिहरुको उपस्थितिमा विविध कार्यक्रमहरु गरी अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाइयो ।





- **अपाङ्गता भएका व्यक्तिहरुको लागि क्षमता विकास तालिम सञ्चालनः** मिति २०८० फागुन २६ मा ११ जना अपाङ्गता भएका व्यक्तिहरुलाई क्षमता विकास तालिम दिइएको छ । पालिका स्तरका संस्था र मिलिजुली समूहलाई संस्था संचालन, नेतृत्व विकास, मिलिजुली समूहमा बचत तथा ऋण परिचालन, बैठको माईन्युट लेखन, बैठक बस्दा पालना गर्नुपर्ने विधि र प्रकृयाका बारेमा क्षमता विकास भएको छ ।





- **मिलीजुली समूहको कार्यको अनुगमनः** मिति २०८० चैत्र १६ र १७ गते गाउँपालिकाका आठै ओटा वडामा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत र अन्य शाखा प्रमुखहरु सम्मिलित समूहले अपाङ्गता मिलिजुली समूहको हालसम्मको अवस्थाको अध्ययन गर्न अनुगमन गरियो ।





**च. उद्यम विकासतर्फः**

- **सिलाइकटाइ तालिम सञ्चालनः** यस आ.व.मा **पुनर्ताजगी एड्भान्स तालिम** शीर्षकमा प्राप्त भएको रकमबाट मिति २०८० माघ ३ देखि चैत्र ४ गतेसम्म वडा नं ८ खोक्सिकमा १५ जना सहभागीलाई वडा कार्यालयको सहजीकरणमा दुई महिने सिलाईकटाई तालिम सञ्चालन गरी सम्पन्न गरिएको ।





❖ **सुन्तलाको जुस बनाउने तालिम सञ्चालनः** यस आ.व.मा नयाँ उद्यमी सिर्जना शीर्षकमा प्राप्त भएको रकमबाट मिति २०८० फागुन १६ देखि फागुन १९ गतेसम्म वडा नं ६ बैकुण्ठेमा १८ जना सहभागीलाई वडा कार्यालयको सहजीकरणमा चार दिने सुन्तलाको जुस बनाउने तालिम सञ्चालन गरी सम्पन्न गरिएको । साथै यसै शीर्षकमा प्राप्त भएको रकमबाट मिति २०८० चैत्र ३ देखि चैत्र ९ गतेसम्म वडा नं ६ बैकुण्ठेमा १६ जना सहभागीलाई वडा कार्यालयको सहजीकरणमा सात दिने गुन्द्रुक तथा अचार बनाउने तालिम सञ्चालन गरी सम्पन्न गरिएको ।






❖ **मोटरसाइकल मर्मत तालिम सञ्चालनः** श्रीराम मिथिला प्राविधिक शिक्षालयको समन्वयमा २०८१ असार ४ गतेदेखि १३ गतेसम्म गाउँपालिकाभित्रका ७ जना युवाहरुलाई १० दिने मोटरसाइकल मर्मत सम्बन्धी आधारभूत तालिम प्रदान गरियो ।




❖ **प्रविधि हस्तान्तरणः** सीप विकास तालिम प्राप्त सहभागीहरुमध्ये गठन गरिएको समूहमा ८० प्रतिशत अनुदानमा **प्रविधि हस्तान्तरण** स्वरुप दुईओटा जुस बनाउने मेशिन, २ ओटा डिजिटल काँटा, १६ ओटा रिङ ड्रम र ७ थान मोटरसाइकल मर्मतको टुल सेट हस्तान्तरण गरियो ।





**छ. पञ्जिकरण शाखातर्फः**

❖ यस आ.व.को असार २३ गतेसम्मको घटना दर्ताको विवरण यसप्रकार रहेको छ ।

| **वडा नं** | **जन्म** | **मृत्यु** | **विवाह** | **बसाईंसराइको परिवार संख्या** | | **सम्बन्ध विच्छेद** |
|---|---|---|---|---|---|---|
| | | | | **बाहिरिने** | **आउने** | |
| १ | ६७ | ३५ | १८ | ११ | १ | ३ |
| २ | ५५ | २० | २५ | १२ | १ | २ |
| ३ | ४८ | १४ | २२ | १६ | २ | ३ |
| ४ | ६५ | २७ | २८ | २० | ४ | २ |
| ५ | ५७ | १४ | २१ | २२ | २ | २ |
| ६ | ६३ | २९ | २१ | १८ | ५ | १ |
| ७ | ६० | ४४ | ३० | १६ | २ | ६ |
| ८ | १५ | १६ | ७ | १४ | ० | ३ |
| **जम्मा** | ४३० | **१९९** | **१७२** | **१२९** | **१५** | **२२** |

❖ **सामाजिक सुरक्षा भत्ता पाउने गाउँपालिकानिवासी व्यक्तिहरुको संख्यात्मक विवरण यसप्रकार छः**

- अन्य जेष्ठ नागरिक भत्ता पाउनेको संख्याः ११४६
- दलित जेष्ठ नागरिक भत्ता पाउनेको संख्याः १०९
- जेष्ठ नागरिक भत्तापाउने एकल महिलाको संख्याः १८९
- विधवाको संख्याः २३८
- पूर्ण अपाङ्गता भत्ता पाउने व्यक्तिहरुको संख्याः ३८
- अति अशक्त अपाङ्गता भत्ता पाउने व्यक्तिहरुको संख्याः ७४
- दलित बालबालिकाको संख्याः १३४

जम्माः १९२८ जना

## ज. प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फः

- **श्रमको सम्मान राष्ट्रको अभियानः** गत फागुन १ गते गाउँपालिकाको सभाहलमा गाउँपालिकाको अध्यक्ष तथा गाउँपालिका उपाध्यक्ष, वडाअध्यक्षज्यूहरु, वडा जनप्रतिनिधी, कर्मचारीहरु तथा प्रत्येक वडाबाट छनौट भएका वैदेशिक रोजगारीबाट फर्केर आएका व्यक्तिहरु गरी ४८ जनाको उपस्थितिमा श्रमको सम्मान राष्ट्रको अभियान नामक विषयमा अभिमुखीकरण तथा अन्तरकृया कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रममा रोजगार संयोजक मन्दिरा राईले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रम अघि अध्यक्षज्यूको अगुवाइमा गाउँ कार्यपालिकाको कार्यालय परिसर र स्वास्थ्य चौकी, बैकुण्ठेको कार्यालय परिसर सरसफाइ गरिएको थियो ।






- **बेरोजगारको फाराम संकलन र डाटा इन्ट्रीः** आगामी आर्थिक वर्षको लागि न्यूनतम रोजगारीमा संलग्न हुन चाहने ६५५ जना बेरोजगारहरु व्यक्तिहरुले भरेको तथ्यांक फाराम वडा कार्यालयहरुबाट संकलन गरी रोजगार केन्द्रमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको छ।

- **१५ ओटा योजना सम्पन्नः** यस कार्यक्रम अन्तरगत गाउँपालिकाका सबै वडाहरुमा १५ ओटा योजनाहरु सम्पन्न भएका छन् ।

  उक्त योजनाहरुबाट तपसील बमोजिम प्रगति भएको छः
  - सडकमा ढुंगा सोलिङः १३३७.०८ घनमीटर (सबै वडामा)
  - सुख्खा पर्खाल निर्माणः २०.५३ घनमीटर (सबै वडामा)
  - ग्याबिन पर्खाल निर्माणः २६६ घनमीटर (वडा नं २, ३ र ६ मा)
  - सडकमा नाली खन्ने कामः १७.६९ घनमीटर (वडा नं २ र ५ मा)

- सिंचाइकुलो मर्मतः ५४ घनमीटर (वडा नं १ मा)
- पैदल मार्ग निर्माणः ४४.६३ घनमीटर (वडा नं ८ मा)
- सिंढी निर्माणः ४०.४८ घनमीटर (वडा नं ८ मा)
- झाडी फाँड्ने कामः १२० वर्गमीटर (वडा नं १ र ८ मा)

- सामुदायिक भवन निर्माण वडाको बजेटसँग मिसाएर कार्यान्वयन गरिएकोः २ ओटा (वडा नं ६ र ८ मा)
- १५ ओटा योजनाहरु कार्यान्वन गर्दा नेपाल सरकारको मापदण्ड बमोजिम गाउँपालिका निवासी ९० जनालाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गरिएको छ ।











❖ **रोजगार संवाद मञ्च सञ्चालनः** मिति २०८१ बैशाख १३ गतेका दिन स्थानीय जनप्रतिनिधी, समाजसेवी, बुद्धिजिवी लगायतको उपस्थितिमा रोजगार सम्बाद मञ्च सञ्चालन कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा स्थानीय तहमा उपलब्ध हुने रोजगारीको क्षेत्रको पहिचान, बेरोजगारी समस्याको निदान, रोजगारीको क्षेत्रका नवीनतम क्षेत्रहरु जस्ता विषयमा अन्तरकृया तथा छलफल भएको थियो ।




❖ **स्थानीय रोजगार रणनीति तर्जुमाः** स्थानीय जनप्रतिनिधी र कर्मचारीहरु पटकपटक बैठक बसी स्थानीय तहमा उपलब्ध हुने रोजगारीका क्षेत्रको पहिचान र संभावना लगायतको विषयमाथि छलफल गरी गाउँपालिकाले कार्यान्वयन गर्न सक्ने किसिमको स्थानीय रोजगार रणनीति तर्जुमा गरिएको छ ।

❖ **आप्रवासी कामदार संरक्षण कार्यक्रम सञ्चालनः** गाउँपालिकाद्वारा स्वीकृत बजेटबाटै यस आर्थिक वर्षमा आप्रवासी कामदार संरक्षण कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रमबाट वैदेशिक रोजगारी सम्बन्धी पार्श्वचित्र, २०८१ तयार गरियो जसमा यस गाउँपालिकाका १५३१ वैदेशिक रोजगारीसँग प्रत्यक्ष रुपमा संलग्न भएका घरधुरी जोडिएका छन् ।

 

 

**झ. सहकारीतर्फः**

पालिकाभरका ११ ओटा सहकारी संस्थाका सञ्चालक समिति अध्यक्ष, सचिव, र व्यवस्थापक गरी ३३ जनालाई **सहकारीसम्बन्धी आधारभूत तालिम** प्रदान गरियो । उक्त तालिम साविकमा प्रदेश सरकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालय, सुनसरीमा लामो समय काम गरी हाल घरेलु तथा साना उद्योग कार्यालय, भोजपुरमा कार्यरत रमेश ढकालले प्रदान गर्नुभएको थियो ।

**ञ. स्वास्थ्यतर्फः**

❖ **पूर्ण खोपयुक्त गाउँपालिका घोषणाः** यसै आर्थिक वर्षमा यो गाउँपालिका पूर्ण खोपयुक्त गाउँपालिका घोषित भएको छ ।





 

- **विद्युतीय विधिबाट औषधी खरिदः** नेपाल सरकारले सिफारिस गरेका औषधीहरु विद्युतीय विधिद्वारा खरिद गरी पालिकाका आठैओटा स्वास्थ्य चौकीबाट बिरामीहरुको जाँचपछि निःशुल्क रुपमा वितरण गरिँदै आएको छ।

- **उपचार खर्चमा सहयोगः** क्यान्सर, मुटुको जटिल रोग, मस्तिष्कघात र मिर्गौलाका जटिल रोग भएका यसै गाउँपालिकामा ठेगाना भएका बिरामीहरुलाई गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी हालसम्म १६ जनालाई उपचार खर्चबापत प्रतिव्यक्ति रु.४०,०००।- उपलब्ध गराइएको । खुट्टा र ढाडसँग सम्बन्धित रोगका अन्य २ जना बिरामीहरुलाई जम्मा रु.३५,०००।- सहयोग उपलब्ध गराइएको ।

- **आङ खस्ने समस्या भएका महिलाको उपचारः** वडा नं १, ५, ६ र ७ मा आङ खस्ने समस्या भएका महिलाहरुको उपचार गरिएको ।

**ट. अन्य प्रयासहरु**

- **सडक नाटक प्रदर्शनीः** बाल हिंसा न्यूनिकरण र बाल अधिकारको प्रचारप्रसार गर्ने उद्देश्यले स्थानीय न्यायिक समितिको अगुवाइमा गाउँपालिकाका आठओटै वडामा विद्यार्थीहरु, शिक्षक तथा अभिभावकहरुसामु गत जेष्ठ महिनाको २० गतेदेखि २३ गतेसम्म सडक नाटक प्रदर्शन गरियो । उक्त सडक नाटक झोराहाट थिएटर, मोरङबाट भरत गुरागाईं 'बर्बरिक'को नेतृत्वमा आउनुभएका कलाकारहरुले प्रदर्शन गर्नुभएको थियो ।










❖ **स्थानीय सरकार सञ्चालनको कानूनी शिक्षासम्बन्धी कक्षा सञ्चालनः** न्यायिक समितिको अगुवाइमा गाउँ कार्यपालिकाका सदस्यहरुको लागि स्थानीय सरकार सञ्चालन सम्बन्धी कानूनी शिक्षा विषयमा प्रशिक्षण कार्यक्रम आयोजना गरियो । गाउँपालिकाको सभाहलमा गत जेष्ठ ५ गते भएको उक्त कार्यक्रममा माननीय जिल्ला न्यायाधीस बाबुकाजी बानियाले प्रशिक्षण दिनुभएको थियो ।





❖ **महिला जनप्रतिनिधीहरुको लागि क्षमता विकास तालिमः** यस गाउँपालिकामा निर्वाचित महिला जनप्रतिनिधीहरुको क्षमता विकासको लागि ५ दिने क्षमता विकास तालिम सम्पन्न गरियो । गत जेष्ठ ११ देखि १५ गतेसम्म गाउँपालिकाको सभाहलमा भएको उक्त तालिममा प्रदेश अनुसन्धान तथा प्रशिक्षण कार्यालय, झापाका प्रशिक्षक श्री गणेश तिम्सिना र प्रमुख प्रशासकीय अधिकृत सन्तोष पोखरेलले प्रशिक्षण दिनुभएको थियो । त्यसैगरी गाउँकार्यपालिका तथा विषयगत समितिका सदस्यहरुलाई वार्षिक योजना तथा कार्यक्रम तर्जुमासम्बन्धी ३ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको थियो ।





❖ **किशोर किशोरीहरुका लागि कानूनी साक्षरता कक्षा सञ्चालनः** न्यायिक समितिको अगुवाइमा यस गाउँपालिकाको वडा नं ३ भुल्केमा रहेको पञ्चकन्या मा.वि.मा कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरु र अध्यापनरत शिक्षकहरुलाई कानूनी साक्षरता सम्बन्धी कक्षा सञ्चालन गरियो । उक्त कक्षामा माननीय जिल्ला न्यायाधीस बाबुकाजी बानियाले प्रशिक्षण दिनुभएको थियो ।






❖ **अन्तर्राष्ट्रिय महिला दिवशः** गत फागुन २५ गते अर्थात मार्च ८ का दिन यस गाउँपालिकामा पनि अन्तर्राष्ट्रिय महिला दिवस विविध कार्यक्रम गरी मनाइयो । प्रत्येक वडाबाट ५ जनाको दरले आएका ४० जना स्थानीय महिलाहरुलाई क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा रोजगार संयोजक मन्दिरा राई र प्रदेश अनुसन्धान तथा प्रशिक्षण कार्यालय, झापाका प्रशिक्षक श्री गणेश तिम्सिनाले प्रशिक्षण दिनुभएको थियो । २ दिन मनाइएको उक्त दिवसमा महिलाहरुबीच वडास्तरीय नृत्य प्रतियोगिता र अन्य रमाइला खेलहरुसमेत प्रस्तुत गरिएको थियो ।





❖ **महिलाहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रमः** प्रत्येक वडाबाट १२ जनाको दरले यस गाउँपालिकाको १ देखि ४ नं. सम्मका वडाहरुबाट उपस्थित गराइएका ४८ जना महिलाहरुलाई वडा नं ३, भुल्केको वडा कार्यालयमा ३ दिने क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरियो । सोही कार्यक्रम वडा नं ५ देखि ८ सम्मका ४८ जना महिलाहरुको लागि गाउँपालिकाको सभाहलमा सञ्चालन गरियो ।





- **ब्याक हो लोडर मेशिन खरिदः** गाउँपालिकाले भर्खरै ब्याक हो लोडर मेशिन खरिद गरेको छ । यसबाट गाउँपालिकाको सडक निर्माण लगायत अन्य भौतिक निर्माणमा सहयोग पुग्नेछ भने बर्खाको समयमा बाटो अवरुद्ध भई आवतजावतमा आउनसक्ने समस्या निराकरण हुने विश्वास गाउँपालिकाले लिएको छ ।





- **गाउँपालिका पार्श्वचित्र तयारीः** गाउँपालिकाले यसै आर्थिक वर्षमा पार्श्वचित्र तयार पारेको छ । गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा अध्यापन गर्ने २३ जना शिक्षकहरुले घरघरमा गई संकलन गरेको तथ्यांकलाई सम्पादन र एकीकृत गरी तयार भएको पार्श्वचित्रबाट हाल गाउँपालिकाको कुल जनसंख्या १८,७१० सहित अन्य धेरै प्रकारका अध्यावधिक सूचना र तथ्यांक प्राप्त भएको छ । यसले गाउँपालिकासँग सम्बन्धित धेरै प्रकारका नीतिगत दस्तावेज तयार पार्न सहयोग पुगिरहेको छ ।

- **सडक सौर्य बत्ती जडानः** यस आर्थिक वर्षमा "नवीकरणीय ऊर्जा प्रविधि जडान" शीर्षकमा सशर्त अनुदानको रुपमा आएको रकमबाट गाउँपालिका केन्द्र बैकुण्ठे र सोको आसपास ८ ठाउँमा सडक सौर्य बत्ती जडान गरिएको छ ।





- **पाइप तथा तारजाली खरिद, भण्डारण र आवश्यकता अनुसार वितरणः** गाउँपालिकाको भूगोलमा विपद या अन्य कारणले भूक्षय, बाढी, पहिरो जानसक्ने र गएको ठाउँमा तुरुन्त निर्माण या मर्मत गर्ने उद्देश्यले यस आ.व.मा छुट्याइएको बजेटबाट विद्युतीय विधिबाट खरिद गरी हाल भण्डारण र आवश्यकता अनुसार वडाहरुमा वितरण पनि गरिँदै आएको छ ।

- **स्वागत बोर्डको स्थापनाः** गाउँपालिकाको भूगोल छिर्ने महत्त्वपूर्ण नाकाहरुहरुमा यसै आर्थिक वर्षमा छ ओटा स्वागत बोर्डहरु राखिएको छ । पालिकाको नक्सासहितका उक्त बोर्डहरुले हाम्रो पालिकामा छिर्ने आगन्तुकहरुलाई गाउँपालिकासम्बन्धी अन्य महत्त्वपूर्ण तथ्यांक समेत उपलब्ध गराई स्वागत गर्नेछन् ।

- **नीतिगत दस्तावेजहरुको निर्माणः** गाउँपालिकाको विकास निर्माण र निर्णय प्रकृयामा अति नै आवश्यक पर्ने तर हालसम्म नबनेका साथै महा लेखापरीक्षकको कार्यालयले गर्ने अन्तिम लेखापरीक्षणमा "गाउँपालिकाले हालसम्म नबनाएको" भनी वर्षेनी आफ्नो प्रतिवेदनमा उल्लेख गर्ने गरेका नीतिगत दस्तावेजहरु यसै आर्थिक वर्षमा निर्माण भएका छन् । त्यस्ता नीतिगत दस्तावेजहरुमा गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, सडक गुरु योजना, राजस्व सुधार योजना र दीर्घकालिन कृषि रणनीति रहेका छन् ।







- **इन्टरनेट र इन्ट्रानेटमा चुस्तताः** गाउँ कार्यपालिका कार्यालयका सबै शाखाहरु, वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य चौकी र प्रहरी चौकीहरुमा सूचना प्रविधिमा आधारित

कामलाई चुस्तता ल्याउन बाहिरी अवरोध बाहेक आन्तरिक समस्यालाई सकेसम्म चाँडै समाधान गरी सेवा प्रवाहमा चुस्तता ल्याउने प्रयास गरिएको छ ।









## ठ. विपदमा सहयोगः

- **नगद रकम सहयोगः** यस आवभित्रै आगलागीमा परेर घर तथा गोठमा क्षती पुगेका यसै गाउँपालिकाका ५ परिवारलाई नगद रकम उपलब्ध गराई राहत प्रदान गरियो ।

- **भूकम्पपिडितलाई सहयोगः** रुकुम पश्चिम र जाजरकोटमा गत कात्तिक १७ गते गएको भूकम्पले गर्दा भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी दुबै जिल्लाका भूकम्पपीडितलाई १/१ लाख रुपैयाँ राहत प्रदान गरियो ।

- **फुसको छाना फेर्ने कामः** यस आर्थिक वर्षमा **सुरक्षित नागरिक आवास कार्यक्रम** अन्तरगत गाउँ पालिकाभित्रका ७३ ओटा घरमा फुसको छाना हटाई जस्ताको छानो लगाउने काम सम्पन्न भइसकेको छ ।

❖ **कोटेशनबाट भौतिक निर्माण गर्ने कार्यलाई निरुत्साहनः** यस आर्थिक वर्षमा कोटेशनबाट भौतिक निर्माण गर्ने कमजोर अभ्यासलाई पूर्ण रुपमा निरुत्साहन गर्दै १४ ओटा योजनाहरु विद्युतीय खरिद विधिबाट संझौता गरी कार्यान्वयनमा ल्याइएको ।

❖ **वर्षको तिन पटक सार्वजनिक सुनुवाई सम्पन्नः** स्थानीय सरकारले गरेका कामकारवाहीको बारेमा स्थानीय नागरिकहरुलाई प्रत्यक्ष रुपमा सुसूचित गराउने उद्देश्यले गा.पा. ले यस आ.व. मा तिन पटक सार्वजनिक सुनुवाईकको आयोजना गर्यो । सधै सबै जनता पालिकाको केन्द्रमा आईपुग्दैन्न भन्ने मान्यतालाई मनन् गर्दै पहिलो पटक वडा नं ३, भुल्केमा दोश्रो पटक वडा नं ८, खोक्सिकमा र तेस्रो पटक गाउँपालिकाको सभाहलमा आयोजना गरियो । भुल्केमा जना खोक्सिकमा जना र गापाको सभाहलमा जना सर्वसाधरण उपस्थित भएका थिए ।







❖ **अनुगमनबाट देखिएका कैफियत उपर शुन्य सहनशीलताः** गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, अन्य जनप्रतिनिधीहरु र कर्मचारीहरुबाट संयुक्त रुपमा गर्ने गरिएको योजनाहरुको अनुगमनका क्रममा कुनै कमजोरी वा कामको गुणस्तरमा ह्रास देखिएमा त्यसको भुक्तानी रोक्ने वा त्यसमा सुधार गराएपछि मात्र भुक्तानी दिने कार्यलाई कडाइका साथ पालना गरिएको छ ।

धन्यवाद ।

संख्याः ०१

२०८१/४/२७

बैठक प्रारम्भः बिहान १०:०० बजे

बैठक स्थगनः

नेपालको संविधान धारा २१५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम रामप्रसा[illegible] गाउँपालिकाका अध्यक्ष श्री थाम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा रामप्रसा[illegible] गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक बसी निम्न लिखित निर्णयहरू गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री थाम बहादुर राई | |
| २ | उपाध्यक्ष | श्री वीरेन्द्र राई | |
| ३ | सदस्य | श्री जोगेन्द्र राई | |
| ४ | सदस्य | श्री राजकुमार तामाङ | |
| ५ | सदस्य | श्री रामु थापा मगर | |
| ६ | सदस्य | श्री बाबु कुमार राई | |
| ७ | सदस्य | श्री जगत बहादुर चौहान | |
| ८ | सदस्य | श्री एकराज आचार्य | |
| ९ | सदस्य | श्री मनकाजी राई | |
| १० | सदस्य | श्री बाच कुमार राई | |
| ११ | महिला सदस्य | श्री अजम राई | |
| १२ | महिला सदस्य | श्री सविना तामाङ | |
| १३ | महिला सदस्य | श्री बिना वि.क. | |
| १४ | महिला सदस्य | श्री प्रतिमा राई | |
| १५ | दलित सदस्य | श्री मिलन वि.क. | |
| १६ | अल्पसंख्यक सदस्य | श्री अशोक कुमार खवास | |
| १७ | सदस्य सचिव | श्री सन्तोष पोखरेल | |

**आमन्त्रित उपस्थिति**

| | | | |
|---|---|---|---|
| ३ | अधिकृत स्तर सातौं | श्री अनन्त राई | |
| ४ | लेखापाल | इन्द्र कुमार घिमिरे | |
| ५ | स.ई. योजना शाखा | श्री ज्ञानराज भट्टराई | |

## आ.व. ०८१/०८२ को प्रथम बैठकको प्रस्ताव तथा निर्णयहरुः-

**आ.व.०८०/०८१ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा सम्बन्धमा।**

यस सम्बन्धमा छलफल गर्दा आ.व. ०८०/०८१ मा गाउँपालिकाले क्षेत्रगत रुपमा विनियोजित बजेटबाट कार्यक्रम संचालन गरेको, संझौता भई संचालन भएका योजनाहरुको निर्माण कार्य सम्पन्न भई निर्धारित समयमा सम्पन्न भएको,गाउँपालिकाको प्रशासकीय भवनको पुरानो निर्माण कार्य पूरा गरी यस आ.व. मा बाकीँ काम अगाडि बढाउने भनिएता पनि ठेकेदारले बाकीँ काम पुरा नगरेको, सडक मर्मत तथा स्तरोन्नतिको कामको २०८१ असोज २५ सम्म म्याद थप गरी प्रविधिक इष्टिमेट अनुसार काम भइरहेको हुदाँ आ. व. ०८०/०८१ मा देहाय अनुसारको वित्तिय तथा भौतिक प्रगति रहेको निर्णयका साथ भए गरेको प्रगति विवरण सार्वजनिक गर्ने गराउने निर्णय गरियो।

तपसिलः-

**१) गाउँपालिका पुँजीगत तर्फः-**

क) आर्थिक विकास ९६.८६ प्रतिशत
ख) सामाजिक विकास ७३.९२ प्रतिशत
ग) पूर्वाधार विकास ५४.०५ प्रतिशत
घ) सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र ८६.७५ प्रतिशत
ङ) कार्यालय संचालन तथा प्रशासनिक ६९.६३ प्रतिशत

**२) वडाकार्यालय तर्फः-**

क) वडा नं. १ - ६३.६१ प्रतिशत
ख) वडा नं. २ - ९७.७७ प्रतिशत
ग) वडा नं. ३ - ९६.४८ प्रतिशत
घ) वडा नं. ४ - ८९.५० प्रतिशत
ङ) वडा नं. ५ - ८९.४२ प्रतिशत
च) वडा नं. ६- ९२.४२ प्रतिशत
छ) वडा नं. ७- ९३.८० प्रतिशत
ज) वडा नं. ८- ९३.५५ प्रतिशत

**३) समग्रमाः-**

पुँजीगत- ६१.६२ प्रतिशत
चालु- ८०.७ प्रतिशत

**ट अनुमोदन गर्ने सम्बन्धमा।**

ास सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को लागि दररेट निर्धारण समिति (अध्यक्ष स्तरीय बैठक) भएको दररेट स्वीकृत गर्ने निर्णय गरियो।

**चारी कल्याण कोष संचालन कार्यविधि सम्बन्धमा।**

ादराई गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।